# बटेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बटेश्वर, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. २०७९।०८०
च.नं. १६०३

मिति : २०८०।०३।१८

**विषयः आ.व. २०७९।०८० को सम्पति विवरण पेश गर्ने सम्बन्धमा ।**

श्री सरोकारवाला सबै ।

प्रस्तुत विषयमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौ, राष्ट्रिय किताबखाना ( निजामती), हरिहरभवन, ललितपुरको आ.व. २०७९।८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी मिति २०८०।०३।१८ को सूचना सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) वमोजिम प्रत्येक निजामती कर्मचारी, नेपाल राजपत्र, खण्ड ६८, असार २० (अतिरिक्तांक ११) भाग, ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके वमोजिम र यस आ.व.मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भए पश्चात् सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था भए वमोजिम देहायका सेवा समूहका कर्मचारीहरु/जनप्रतिनिधिहरुले देहाय वमोजिम सम्पत्ति विवरण बुझ्नु/बुझाउनु हुन अनुरोध छ ।

**तपसिल**

| सि. नं. | सम्पत्ति विवरण पेश गर्ने सेवा समूह | सम्पत्ति विवरण पेश गर्ने निकाय | सम्पत्ति विवरण पेश गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय निजामती सेवा तथा समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारी | राष्ट्रिय किताबखाना (निजामती) | आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र | |
| २ | लोक सेवा आयोगको विज्ञापनबाट परिपूर्ति भई स्थानीय तह ( गाउँपालिका र नगरपालिका) हरुमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरु | आर्थिक वर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरी सक्नुपर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरि सक्नुपर्ने । | |
| ३ | करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा | सम्बन्धित स्थानीयहरुमा आर्थिक वर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र बुझाउनु र बुझ्ने स्थानीय तहहरुले राष्ट्रिय सर्तकता केन्द्र सिंहदरवार काठमाण्डौले तोकेको ढाँचा link मा Entry गर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |
| ४ | जनप्रतिनिधिको हकमा | आर्थिक वर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरि सक्नुपर्ने | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |

.............................

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री IT शाखा, बटेश्वर गा.पा., धनुषा ।

सम्पर्कः गापा अध्यक्ष ९८५४०२३०५१, गापा उपाध्यक्ष 9854029943 प्रमुख प्रशासकीय अधिकृत
email:bateshwormun@gmail.com, web: www.bateshwormun.gov.np

You
today at 11:39

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (निजामती)

हरिहरभवन, ललितपुर

## आ.व.२०७९/८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८०/०३/१८**

(१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र यस आ.व.मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सिमा भित्र सम्पत्ति विवरण बुझाउन सबै निजामती कर्मचारीलाई अनुरोध गरिन्छ।

(२) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ।

**आ.व. २०७९/८० को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा**

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बर: | ङ. श्रेणी/तह: |
| ख. नाम, थर: | च. कार्यरत कार्यालय: |
| ग. पद/दर्जा: | छ. मोबाइल नं. |
| घ. सेवा/समूह: | ज. ई-मेल ठेगाना: |

(३) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत् तत् निकायका पदाधिकारी कर्मचारीहरुले सोही सूचनामा तोकेको तत् तत् निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

(४) साबिकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरुले साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

(५) लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरुले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

(६) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरूले- कर्मचारी संकेत नम्बर प्राप्त गरेका वा संकेत नम्बर प्राप्त नगरेको भएता पनि आफू कार्यरत कार्यालय मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

(७) बुँदा नं. ३, ५ र ६ बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा बुझाएका सम्पत्ति विवरणहरुको अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरु ३० दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरी सक्नुपर्ने र प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्ने छ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ।

(८) अध्ययन, असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ। तर भ्रष्टाचार निवारण एन २०५९ को दफा ५० को उपदफा (२) को विषेश कारण परेमा सो उल्लेख गरी निवेदन दिएमा थप ३० दिन भित्र म्याद थप गरी सम्पत्ति विवरण दर्ता गर्न सकिनेछ।

(९) निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशिघ्र बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०८० साल साउन १ गते देखि ऐ. साल भाद्र २८ गते भित्र नै अनिवार्य रुपमा राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुनेगरी छिटो माध्यमबाट पठाउनु पर्नेछ।

(१०) हुलाक मार्फत् तोकिएको अवधिभित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएको सम्पत्ति विवरणहरु PIS मा प्रविष्टि गरी अभिलेख राखिनेछ। तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन।